# तपाईहरूको साथी
# १६६०01-५५२२२

(पैसा नलाग्ने नि:शुल्क टेलिफोन नं.)

बिहान १०:३० देखि बेलुकी ५:३० सम्म

## २०७२ बैशाख १२ गते गएको बिनाशकारी भूकम्पपछि नेपाल सरकार तथा संघ-संस्थाद्धारा उपलब्ध गराइने सेवा तथा सुविधा सम्बन्धी केही जानकारीहरु...

**१. जिल्ला दैविक प्रकोप उद्धार समितीले बिभिन्न क्लस्टर मार्फत उपलब्ध गराएको सेवाहरू :**

- भूकम्पमा परि मृत्यु भएमा ४०,०००/- (चालीसहजार)मात्र किरिया खर्च उपलब्ध गराउने ।
- मृतकको परिवारलाई १,००,०००/-(एक लाख रूपैया)मात्र उपलब्ध गराउने ।
- भूकम्पका कारण अशक्त भएका, सबै परिवार गुमाएका, बस्ने व्यवस्था समेत नभएका ब्यक्तिहरूलाई सूरक्षित शिबिरका साथै खानपानको ब्यवस्था मिलाउन पहल गर्ने ।
- अभिभावक गुमाएका बालबालीकाको राहत रकम जिल्ला महिला तथा बालबालीका कार्यालय संरक्षक रहनेगरी बैंक खातामा राखीदिने र १८ वर्ष पुरा भएपछि सो रकम सम्बन्धित ब्यक्तिलाई दिने ।
- भूकम्पमा परि घाइते भएका बिरामीलाई औषधि उपचार पश्चात उसको आफन्त नभएमा बिभिन्न गैर सरकारी संस्थाहरूद्धारा स्थापीत अस्थायी आश्रय स्थलमा राख्ने ब्यवस्था मिलाउने ।
- भूकम्प प्रभाबित कृषकलाई राहत स्वरूप सहुलिएत दरमा बिउ बिजन तथा मल उपलब्ध गराउने ।
- भूकम्पबाट मृत्यु भएका परिवारका विदेशमा रहेका सदस्य नेपाल फर्कन चाहेमा फर्कने वातावरण मिलाउन पहल गर्ने ।
- भूकम्प पीडित र भूकम्पबाट प्रभावितहरूको पहिचान गरि उनिहरूलाई भूकम्प प्रभावित परिचयपत्र नगरपालिका वा गा.वि.स मार्फत वितरण गर्ने र प्रति परिवार १५,०००/- (पन्द्र हजार)मात्र प्रदान गर्ने ।
- भूकम्प पीडित परिवारको रू. ५०,०००/- (पचास हजार) सम्मको ब्याज तथा सावा मिनाहा गर्न व्यवस्था मिलाउने ।

**२. भुकम्प पीडित तथा प्रभावितका लागि कर्जा सम्बन्धी विशेष ब्यवस्था :**

- पूर्ण रूपमा क्षति भइ बस्ने अवस्था नभएको प्रमाणीत भएमा काठमाडौं उपत्यकाको हकमा प्रति घरपरिवार रू २५,००,०००/- (पचिस लाख) र उपत्यका बाहिरका प्रभावित जिल्लामा रू १५,००,००० पन्ध्र लाख) सम्मका ऋण सहुलिएत दरमा उपलब्ध गराउने (२ प्रतिशत ब्याज)

३. **महिला तथा बालबालिकाका सन्दर्भमा गरिएका विशेष व्यवस्था :**

- गर्भवती, सुत्केरी आमा, नवजात शिशु, अपाङ्गता भएका व्यक्ति, एकल महिला, बिरामी, ज्येष्ठ नागरिकहरूका लागि आवश्यकीय हेरचाह जिल्लामा रहेको महिला तथा बालबालीका कार्यालय मार्फत प्रबन्ध मिलाउने ।
- मनोवैज्ञानिक सन्त्रासमा परेका खास गरी बालबालिका, किशोरी, एकल महिलाहरूका लागि मनो-विर्मश तथा मनो-सामाजिक परामर्शको व्यवस्था मिलाउने ।
- महिला तथा किशोरीहरू माथिका सम्भावित यौनजन्य आक्रमण, ओसारपसार, बेचबिखन जस्ता आपराधीक कार्यको निगरानी तथा रोकथाम गर्न सहयोग पुऱ्याउने ।











**यदि भूकम्पका कारणद्धारा बिभिन्न कानुनी कागजातहरू हराएको भएमा सो प्राप्त गर्नका लागी आवश्यक कानुनी सल्लाह, परामर्श र सहयोगको लागी जिल्ला प्रशासन कार्यालयमा** विमिन एक्ट (Women Act)**द्वारा संचालीत** सूचना तथा सेवा केन्द्र **वा** निशुल्क टेलिफोन सेवा नं. १६६००१५५२२२ **मा सम्पर्क गर्नुहोस ।**

**सहयोगी संस्थाहरु**

USAID FROM THE AMERICAN PEOPLE

The Asia Foundation

**ब्यवस्थापन/संचालन**

Equality, Respect and Dignity ACT

Women Act (विमिन एक्ट)